आज मिति २०८० चैत्र १३ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ४५औं कार्यपालिका बैठक बस्यो।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |

CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## ४५ औं कार्यपालिका बैठकका निर्णयहरु : (मिति २०८० चैत्र १३ गते मंगलबार)

**प्रस्तावहरु :**

१) परिमार्जन गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत सम्वन्धमा ।
२) शिसवार बोटे माझि सामुदायिक होमस्टेको सांस्कृतिक भवन निर्माणको जग्गा सम्वन्धमा ।

**निर्णय नं. १:**

राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रुपमा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) देवचुली नगरपालिका वडा नं. १७ रजहर, फारम अन्तरगत राष्ट्रिय वन क्षेत्रमा प्रस्तावित ट्रमा सेन्टर निर्माण प्रयोजनार्थ मिति २०८० भाद्र ३१ गते बसेको २८ औं कार्यपालिका बैठकले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ वमोजिम परिमार्जन गर्ने भनी वन तथा भू-संरक्षण विभागको निर्णय भएकोले डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट पठाईएको प्रतिवेदन अनुसार परिमार्जन गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

देवचुली नगरपालिका वडा नं. १ अन्तरगत उत्तरमा शिसवार २/ख कि.नं. १२५, पूर्वमा शिसवार २/ख कि.नं. ११०८, ४७७, ९८५ र ५१०, दक्षिण र पश्चिममा प्रस्तावित बाटो चार किल्ला भित्र शिसवार २/ख कित्ता नं. १२६ को करीब १८ कठ्ठा जग्गा मध्ये करीब ३ कठ्ठा ऐलानी/८ नम्बरी प्रकृतिको सार्वजनिक जग्गामा सञ्चालनमा रहेको शिसवार बोटे माझि सामुदायिक होमस्टेको सांस्कृतिक भवन निर्माणको लागि यस देवचुली नगरपालिकाबाट सहमति प्रदान भई निर्माण कार्य भैरहेको र हाल उक्त शिसवार बोटे माझी सामुदायिक होमस्टेको सांस्कृतिक भवन थप निर्माणका लागि स्थानीय तहको कार्यपालिकाको निर्णय एवम् सहमति पत्र माग भएकोले उक्त भवन निर्माण गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner